STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ११५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २५ गते शनिबार ❑ 8 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरामा अक्सिजन ग्यासको अभाव नहुने कम्पनीहरुको दाबी

### थप ३ हजार ग्यास सिलिण्डिर आवश्यक

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

गण्डकी प्रदेशको राजधानि पोखरामा हाल अक्सिजनको कुनै अभाव नहुने भएको छ।

पोखरामा दुई निजी कम्पनी पोखरा अक्सिजन प्रा.लि. र काली गण्डकी अक्सिजन प्रा.लि.ले अक्सिजन ग्याँस उत्पादन गर्ने भएकोले गर्दा पोखरामा अक्सिजन ग्याँस अभाव नहुने भएको कम्पनीहरुले दाबी गरेका छन्।

पोखराका चिकित्सकहरुको बिषेश पहलमा २०६१ सालमा पोखरामा अक्सिजन उत्पादन हुन सुरु भएको हो। पोखरा क्षेत्रमा आवश्यक पर्ने अक्सिजन ग्याँस उत्पादन गर्न आफ्नो कम्पनी तयार रहेको तर आवश्यक सिलिण्डर ग्याँसको भने अभाव हुन सक्ने पोखरा अक्सिजन प्रालिका अध्यक्ष डा. प्रदीप घिमिरेले बताए। उनका अनुसार कम्पनीसंग हाल १ हजार ६ सय वटा सानो ठुला गरी अक्सिजन सिलिण्डर ग्याँस रहेका छन्। दैनिक करिब ४ सयदेखि ५ सय अक्सिजन ग्याँस सिलिण्डर खपत हुने गरेको बताएका अध्यक्ष




डा. घिमिरेले गण्डकी प्रदेश सरकार तथा संघिय सरकार समक्ष आफुहरुले पोखरामा करिब ३ हजार वटा खाली अक्सिजन ग्याँस सिलिण्डर जोहो गर्न आग्रह गरेको बताए। कोरोनाको महामारीमा प्रदेश सरकारलाई कम्पनीले प्रति सिलिण्डर ३ सय ५० रुपैयामा उपलब्ध गराउने भएको कम्पनीले जनाएको छ।

पोखरा अक्सिजन प्रा.लि.ले प्रति घण्टामा २ सय ५० क्यूबिक मिटर ग्याँस उत्पादन गर्ने भएको प्रा.लि.का निर्देशक विनोद कायस्थले बताए। उनका अनुसार पोखरामा हाल पहिलाको तुलनामा ४/५ गुणाले बढी अक्सिजन ग्याँस खपत हुन थालेको छ। २०७० सालदेखि पोखरामा अक्सिजन ग्याँस उत्पादन गर्दै आएको कालि गण्डकी अक्सिजन प्रा.लि.ले दैनिक प्रति घण्टामा १ सय ५० क्यूबिक मिटर ग्याँस उत्पादन गर्ने भएको प्रा.लि.का निर्देशक कालीदास बरालले बताए। हाल आफुहरु १९ घण्टा खटेर काम गर्दा प्रहरी प्रशासनले आफ्ना कामदारलाई र सवारी साधनलाई अनावश्यक दुःख दिने गरेको उनले गुनासो गरे।

पोखरामा अक्सिजन ग्याँसको कुनै अभाव नहुने कायस्थ र बरालले दाबी गरेका छन भने पोखरामा ग्याँस सिलिण्डरको थप व्यबस्थापन गर्नु पर्ने उनीहरुको माग रहेको छ। कम्पनिहरुले पोखरामा ठाँउ हेरीकन ४ सय देखि ५ सयमा ६.८ क्यूबिक मिटर अर्थात ४७ लिटरको ठुलो अक्सिजन ग्याँस सिलिण्डर भर्ने गरेका छन्।

सडक दुर्घटनाबाट सडक अबरुद्ध हुने र बाढी तथा पहिरोले गर्दा पनि सडक अबरुद्ध हुँदा पोखरामा अक्सिजनको अभावमा उपचार गर्न कठिन भएकोले आफुहरुकै पहलमा पोखरामा अक्सिजन ग्याँस उत्पादन गर्न सुरु गरिएको पोखरा अक्सिजन प्रा.लि.का वोर्ड सदस्य डा. बुद्धि बहादुर थापाले बताए।

विगत १७ बर्ष देखि उक्त कम्पनीमा आफुहरुको करिब ५ करोड बढी लगानी भए पनि मुनाफा भने प्राप्त गर्न नसकिएको उनले गुनासो गरे। उनले भने "यस ग्याँस उच्पादन गर्ने कम्पनीमा अधिकांश हामी चिकिस्तक सहितको करिब २५ जनाको समुह छौं, यद्यपी हामीले आफ्नो सामाजिक उत्तरदाहित्व समेत वहन गरेकोले नाफा भन्दा पनि हामील ई हाम्रो क्षेत्रमा अत्यावसेक अक्सिजन ग्याँस उत्पादन गर्न सफल भएका छौं यही हाम्रो लागि ठुलो आत्म सन्तुष्टिको कुरा भएको छ।"

## गण्डकीका एमाले जिल्ला अध्यक्षद्वारा 'पार्टी विभाजनलाई रोक्नुहोस' आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

गण्डकी प्रदेशका ११ जिल्लाका अध्यक्षहरुले नेकपा एमालेको विभाजन रोक्न केन्द्रीय नेताहरुसँग आग्रह गरेका छन्।

पछिल्लो समय पार्टीका शीर्षस्थ नेताहरुबीचको आन्तरिक कलहका कारण केन्द्रदेखि स्थानीय तहसम्म विभाजनको अवस्था आएको भन्दै जिल्ला अध्यक्षहरुले केन्द्रीय नेतृत्वलाई सच्चिएर अगाडी बढ्न आग्रह गरेका हुन्। शुक्रबार जिल्ला अध्यक्षहरुले संयुक्तरुपमा विज्ञप्ति जारी गरी पार्टी गम्भीर संकटमा फसेको र यसले कम्युनिष्ट आन्दोलनलाई समेत धक्का पुगेको बताउँदै पार्टी एकता जोगाउन आग्रह गरेका छन्। 'नेपाल कम्युनिष्ट पार्टी एमाले एउटा जीवन्त र गतिशील पार्टी हो। नेपाली कम्युनिष्ट आन्दोलनको मूल प्रवाह हो। विगतका वर्षदेखि आन्तरिक अन्तरविरोध देखापरेका छन्,' विज्ञप्तिमा भनिएको छ, 'यो अन्तरसंघर्षलेपार्टीमाक्षतिपुर्याएको हामीले महसुस गरेका छौं। कम्युनिष्ट पार्टीको इतिहास, मूल्य मान्यता र जनता प्रतिको जवाफदेहितालाई आत्मसात गर्दै आदरणीय नेताहरु एकताबद्ध भइ एमाले जोगाउन आग्रह गर्दछौं।'

विज्ञप्ति जारी गर्ने जिल्ला अध्यक्षहरूमा कास्कीका कृष्णबहादुर थापा, स्याङ्जाका सूर्यप्रसाद शर्मा (पारस), तनहुँका केदार सिग्देल, लमजुङका धनञ्जय दवाडी, गोरखाका प्रेमबहादुर गुरुङ, पर्वतका पदम गिरी, बागलुङका इन्द्रलाल सापकोटा, म्याग्दीका हरिकृष्ण श्रेष्ठ, मुस्ताङका चन्द्रमोचन गौचन, मनाङ पाल्देन गुरुङ र नवलपरासीका रोशन गाहा रहेका छन्।

## ९ हजार ११६ संक्रमित, ५० को मृत्यु

**रासस**
**काठमाडौं, २४ बैशाख**

पछिल्लो २४ घण्टामा थप ९ हजार १९६ जनामा संक्रमण पुष्टि भएको छ। १९ हजार ९८७ जनाको पीसीआर तथा ४९५ जनाको एन्टिजेन परीक्षण गर्दा क्रमशः ९०२३ तथा १७३ जनामा संक्रमण पुष्टि भएको हो। योसँगे नेपालमा संक्रमितको कूल संख्या ३ लाख ७७ हजार ६०३ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

यही अवधिमा थप २ हजार ९०५ जना निको भएका छन्। नेपालमा हालसम्म २ लाख ९५ हजार ३९५ जना निको भएका छन्। नेपालमा संक्रमित थपिएसँगै निको हुने दर ७८.२ प्रतिशतमा पुगेको छ। त्यस्तै, ५० जनाको मृत्यु भएको छ। हालसम्म ३५ सय ७९ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भइसकेको छ।

पछिल्लो २४ घण्टामा काठमाडौँ जिल्लामा मात्र ३ हजार बढी संक्रमित थपिएका छन्। काठमाडौँ उपत्यकाका तीन जिल्लामध्ये काठमाडौँमा ३०८९, ललितपुरमा ६४३ र भक्तपुरमा ३७४ जनामा संक्रमण पुष्टि भएको हो।

प्रदेश १ मा झापामा २१६ तथा मोरङमा २७३ जना संक्रमित थपिएका छन्। प्रदेश २ मा पर्सामा १३० तथा धनुषामा १०६ जना संक्रमित भेटिएका छन्। गण्डकीमा कास्कीमा ३९३, लुम्बिनीमा दाङमा ३६६ तथा रुपन्देहीमा ७३० जना संक्रमित भेटिएका छन्। सुदूरपश्चिममा कैलालीमा सर्वाधिक १२५ जना संक्रमित थपिएका छन्।

हाल २२ जिल्लामा ५ सयभन्दा बढी सक्रिय संक्रमित रहेका छन् भने २१ जिल्लामा २ सयभन्दा बढी सक्रिय संक्रमित रहेका छन्। नेपालमा हाल सक्रिय संक्रमितको संख्या ७८ हजार ६२ ९ रहेको छ।

यसमध्ये ७२ हजार ६७९ होम आइसोलेसनमा, ५ हजार ८६० जना संस्थागत आइसोलेसनमा, ७२८ जना आईसीयूमा तथा २३१ जना भेन्टिलेटरमा रहेका छन्।

## खोप खरिदको भ्रष्टाचारमा संलग्नलाई कडा कारवाही गर्न देउवाको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसका सभापति शेबरहादुर देउवाले कोरोना खोप खरिदको भ्रष्टाचारमा संलग्न कडा कारवाही गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

शुक्रबार प्रेस विज्ञप्ति देउवाले जारी गर्दै जनताको जीवन रक्षा गर्ने औषधिमा पनि भ्रष्टाचार गर्नु अमानवीयता, अनैतिकता र गैरजिम्मेवारको पराकाष्ठा र जनता विरुद्धको अक्षम्य अपराध भएको जनाए। जनताको जीवन रक्षा गर्नु पर्ने सरकार स्वयं औषधि (खोप) को भ्रष्टाचारमा संलग्न हुनुले यो सरकारको अनैतिक चरित्र उदाङ्गो भएको छ। सरकारको अनैतिक र भ्रष्टाचारजन्य कार्यको घोर निन्दा र भर्त्सना गर्दछु, विज्ञप्तिमा भनिएको छ।

यस्तै देउवाले जनताको जीवन रक्षा गर्नका लागि देशभरि आवश्यक अक्सिजन, आईसीयू बेड, खोप लगायतका औषधीको तत्काल व्यवस्था गर्न माग गरे। देशभरिका अस्पतालहरुमा कोभिड संक्रमितका लागि अत्यावश्यक अक्सिजन, भेन्टिलेटर सहितका आइसीयू बेड र औषधिको नितान्त अभाव भएको देउवाको भनाइ छ।

अक्सिजन नपाएर बिरामी छट्पटाएर मर्नु परेको र अस्पतालमा बेड खोज्दै घरमा, बाटैमा र एम्बुलेन्समा ज्यान गुमाउनु परेको देउवाले बताए। कोभिड-१९ को यति लामो समयसम्मको निरन्तर प्रकोपका बाबजूद सरकारले नियन्त्रण र रोकथामको कुनै व्यवस्था नगर्दा यो अवस्था आएको काँग्रेसको ठहर छ। कोरोना नियन्त्रण र रोकथामका उपाय अपनाउन पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सरकार सचेत एवं गम्भीर नभएको देउवाको जिकिर छ।

उनले देशमा व्याप्त यस विषम घडीमा सबैमा स्वास्थका मापदण्ड अपनाउन, आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न अनुरोध गरेका छन्। साथै उनले पार्टीका सदस्य तथा शुभेच्छुकलाई स्वास्थ सुरक्षाका मापदण्ड अपनाउँदै संकटमा परेकालाई सक्दो सहयोग गर्न अपील गरेका छन्।

## संविधानको दिगो सम्वर्द्धनका लागि आफ्नो उम्मेदवारी : गृहमन्त्री थापा

**रासस**
**काठमाडौं, २४ बैशाख**

नेकपा (एमाले) का केन्द्रीय सदस्य एवम् गृहमन्त्री रामबहादुर थापाले संविधानको दिगो सम्वर्द्धन तथा आर्थिक समृद्धिका लागि पार्टीको निर्देशनबमोजिम आफूले राष्ट्रियसभाको रिक्त सदस्य पदमा उम्मेदवारी दर्ता गराएको बताएका छन्।

आफ्नो उम्मेदवारी दर्ता गराएर काठमाडौँ फर्कने क्रममा शनिबार स्थानीय सञ्चारकर्मीहरूसँगको सङ्क्षिप्त कुराकानीमा उहाँले नेकपा (एमाले) को सङ्गठनलाई अनुशासित र मर्यादित तुल्याउँदै कार्यकर्ताहरूले नेतामुखी नभई जनतामुखी हुनुपर्ने धारणा व्यक्त गरे। गृहमन्त्री थापाले सङ्घीय सरकारले जनताको शान्तिसुरक्षाका लागि सातै प्रदेशमा उच्च सतर्कताको साथ सुरक्षा निकायलाई परिचालन गरिरहेको र प्रदेश सरकारले पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## ५० लाख मूल्य बराबरको स्वास्थ्य सामग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

गण्डकी प्रदेश सरकारलाई नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी हुन्डाईले आज निःशुल्क स्वास्थ्य सामग्री सहयोग गरेको छ।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री नरदेवी पुन मगरलाई लक्ष्मी हुन्डाईका प्रबन्धक भीमसिंह खत्रीले कोरोना उपचारका बेला स्वास्थ्यकर्मीलाई अत्यावश्यक दुई हजार सेट पिपिईलगायत स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए। कोरोना महामारीको दोस्रो लहर शुरु भएसँगै स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई अत्यावश्यक स्वास्थ्य सामग्रीको अभाव हुन नदिन र सङ्क्रमण रोकथाममा मद्दत पुगोस् भनेर हुन्डाई मोटर्स कम्पनी दक्षिण कोरियाको सहयोगमा रु ५० लाख मुल्य



बराबरका स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको प्रबन्धक खत्रीले जानकारी दिए।

हुन्डाईले गत वर्ष प्रदेश सरकारले स्थापना गरेको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोषमा रु एक करोड र 'फिभर क्लिनिक' स्थापनाका लागि पनि सहयोग उपलब्ध गराएको थियो।

कार्यक्रममा सामाजिक विकासमन्त्री पुनले सार्वजनिक तथा निजी सङ्घसंस्थाको सहयोग र सहकार्यबाट सरकारले नागरिकलाई कोरोनाबाट बचाउने कार्य गर्दै आएको जनाउँदै हुन्डाई कम्पनीले स्वास्थ्यकर्मीले प्रयोग गर्ने गरी पिपिई सेट उपलब्ध गराएकामा आभार व्यक्त गरिन। उनले प्राप्त सामग्रीको सही सदुपयोग गरिने विश्वास दिलाएकी थिइन।

गण्डकी प्रदेशमा कोरोना सङ्क्रमण वृद्धि भएसँगै अक्सिजन सिलिन्डरको अभाव भएकाले सहयोगी संस्थाबाट सहयोगको अपेक्षा सरकारले गरेको उनले बताइन। उनले भनिन, "गण्डकी प्रदेशमा अक्सिजन प्लान्ट रहे पनि सिलिन्डरको अभाव रहेको छ, सरकारको बजेट प्रयोग गरेर खरीद गर्दा लामो प्रक्रियामा जानुपर्ने हुन्छ, त्यसैले तत्कालका लागि सहयोगी संस्थाबाट हामीले सिलिन्डर सहयोगको अपेक्षा गरेका छौं।"मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले पिपिई सेट आवश्यकताका आधारमा प्रदेशका ११ वटै जिल्लाका स्वास्थ्य संस्थामा खटिएका स्वास्थ्यकर्मीका लागि उपलब्ध गराइने जानकारी दिए। मन्त्रालयले प्राप्त स्वास्थ्य सामग्री तत्कालै जिल्लाहरूमा पुग्ने व्यवस्थाका लागि प्रदेश आपूर्ति व्यवस्थापन कार्यालयलाई हस्तान्तरण गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नेलम्बोद्वारा दुई सरकारी स्वास्थ्य संस्थालाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

पोखरा-४, गैह्रापाटन स्थित नेलम्बो नेपालले कोरोना भाइरस बिरुद्धका स्वास्थ्य सुरक्षा सामग्री वितरण कार्यलाई जारी राखेको छ।




जसअर्न्तगत बिहीवार स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सामग्री प्रदान गरिएको हो । निर्देशनालयलाई रु.एक लाख ८५ हजार सात सय ५० तथा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु.५० हजार सात सय ८० बराबरका सामग्री प्रदान गरियो। पिपिई सेट, मास्क, भाइजर, फेस शिल्ड, सेनिटाइजर, सेनिटाइजर स्ट्याण्ड, थर्मल गन, सावुन, स्प्रे बोतल, गोब्ल्स् लगायतका सामग्री संस्थाका अध्यक्ष एकदेव देवकोटाले हस्तान्तरण गरेका हुन। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश अर्न्तगतका सामग्री ग्रहण गर्दै सामाजिक विकास मन्त्री नरदेवी पुन मगरले सहयोगप्रति आभार प्रकट गर्दै विषम परिस्थतीको मूल्याङ्कन गरेर नेलम्बोले सहयोग गरेको बताइन्।

मन्त्री पुन मगरले कोरोनाको पहिलो चरणमा विभिन्न संघसंस्थाबाट प्रदेश सरकारलाई रु. ४ करोड वरावरको सहयोग प्राप्त भएको जानकारी दिर्दै अव दोस्रो चरणमा पनि सहयोग जुट्दै जाने विश्वास व्यक्त गरिन् । उनले सरकारसँग बजेट भएपनि कार्यान्वयको प्रक्रिया निकै झन्झटिलो हुने भनाई पनि राखिन्। नेलम्बोका अध्यक्ष एकदेव देवकोटाले सरकार, संघसंस्था र नागरिक बीचको हातेमालोबाट मात्रै महामारी विरुद्ध लड्न सकिने धारणा राखे। उनले निर्देशनालय र प्रतिष्ठानसँग सहकार्य गर्न संस्था तयार रहेको स्पष्ट पार्दै महामारी बिरुद्ध लड्न निर्देशनालयलाई रु.१५ लाखसम्मका सामग्री उपलब्ध गराउने प्रतिबद्धता जनाए । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. अर्जुन आचार्यले नेलम्बोसँग सहकार्य गर्दै जाने बताउँदै प्राप्त सामग्रीको सदुपयोग गरिने विश्वास दिलाए।उनले प्रतिष्ठानले सुरुदेखि नै कोभिड वार्ड संचालन गरिरहेको उल्लेख गर्दै आवश्यक परे अस्पताल पुरा नै कोभिडको उपचारमा प्रयोग गर्न सकिने पनि जनाए । निर्देशानलयका निर्देशक डा. विनोद विन्दु शर्माले प्राप्त सामग्री जिल्ला तहसम्म पुऱ्याइने भनाई राखे ।कार्यक्रमका बीच नेलम्बोका कार्यक्रम संयोजक डा. किसन कोइरालाले प्रदान गरिएका सामग्रीका बारेमा जानकारी दिए । चार वर्ष अघि स्थापित नेलम्बोले शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्रमा कार्य गर्दै आइरहेको छ ।स्वास्थ्य अर्न्तगत पहिलो चरणमा पनि उक्त संस्थाले कोरोना भाइरस विरुद्धका स्वास्थ्य सुरक्षाका सामग्री स्थानीय तह, स्वास्थ्य संस्था, स्वास्थ्य कर्मी संचारकर्मी र सुरक्षा निकायलाई प्रदान गरेको थियो।

# विवाह र पूजामा हुने जमघटबाट संक्रमण बढ्यो

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २४ बैशाख**

विवाह तथा पूजामा भएको मानिसहरूको जमघटबाट यहाँका दुई बस्तीमा सङ्क्रमण उच्च रहेको छ।

वालिङ नगरपालिका-९ को कल्लेरी र वडा नं १ को धरमपानीमा विवाह तथा चौरासी पूजामा सहभागी भएका अधिकांशमा सङ्क्रमण पुष्टि भएको नगरपालिकाको स्वास्थ्य शाखाप्रमुख एवं जनस्वास्थ्य निरीक्षक कमलप्रसाद पाण्डेले जानकारी दिए।

कल्लेरी गाउँमा आयोजना गरिएको विवाहमा सहभागी भएकामा स्वास्थ्यसम्बन्धी समस्या देखिएपछि आइतबार गरिएको परीक्षणमा २३ जनामा सङ्क्रमण पुष्टि भएको हो । "कल्लेरी गाउँमा स्वास्थ्य समस्या देखिएको खबर पाएसँगै गह्रौं प्राथमिक अस्पतालका चिकित्सकसहितको टोलीले गाउँमै पुगेर एन्टिजिनमार्फत परीक्षण गऱ्यौं", शाखाप्रमुख पाण्डेले भन्नुभयो, "परीक्षण गरिएकामध्ये अधिकांशमा कोरोना पुष्टि भयो, उहाँहरूलाई आवश्यक औषधि तथा परामर्शसहित फर्कियौं।"

सङ्क्रमणको दर उच्च रहेकाले कल्लेरी गाउँलाई सिल गरी आवतजावतमा कडाइ गरिएको छ । हाल उक्त गाउँमा ४० बढी सङ्क्रमितको सङ्ख्या छ । तीन/चार जनामा केही समस्या देखिए पनि अन्यको स्वास्थ्य अवस्था सामान्य रहेको शाखाप्रमुख पाण्डेले बताए। त्यस्तै धरमपानीमा यही वैशाख १४ गते गाउँमा आयोजना गरिएको चौरासी पूजामा सहभागी भएकाहरूमा गरिएको परीक्षणमा एउटै गाउँका १९ जनामा सङ्क्रणम पुष्टि भएको छ । पूजामा सहभागी भएकामा लक्षण देखिएपछि २५ जनाको नमूना परीक्षण गर्दा १९ जनामा सङ्क्रमण पुष्टि भएको वडा नं १ का वडाध्यक्ष एवं नगर प्रवक्ता केदार काफ्लेले बताए।

बाक्लो बस्ती रहेको गाउँमा चौरासी पूजा गरिएको र त्यहाँ सहभागी भएकाहरूमा एकाएक ज्वरो आउने, खोकी लाग्ने, शरीर दुख्नेलगायतका समस्या देखिएपछि परीक्षणका क्रममा ठूलो सङ्ख्यामा सङ्क्रमित रहेको पुष्टि भएको हो । नगरपालिका तथा गह्रौं प्राथमिक अस्पतालका स्वास्थ्यकर्मीसहितको टोलीले गाउँमै पुगेर एन्टिजिन परीक्षण गरेको थियो। गाउँभरि सङ्क्रमित देखिएपछि तत्कालका लागि उक्त गाउँका नागरिकलाई घरबाट बाहिर ननिस्कन र बाहिरबाट पनि त्यस ठाउँमा आवतजावत गर्न नदिने गरी सिल गरिएको प्रवक्ता काफ्लेले बताए।

गाउँमै पुगेर आवश्यक औषधि वितरण गरिएको र समस्या परेको खण्डमा जुनसुकै समयमा पनि स्वास्थ्यकर्मी तयारी अवस्थामा रहेकाले प्राथमिक अस्पतालको अक्सिजनसहितको आइसोलेशनमा ल्याएर उपचार गरिने शाखाप्रमुख पाण्डेले जानकारी दिए । विवाह, भोज, पूजाआजा तथा अन्य जमघट हुने कार्यहरूमा थोरैभन्दा थोरै जना सहभागी हुन नगरपालिकाले अनुरोध गरेको छ। यस्ता कार्यहरू मिलेसम्म नगर्न र गर्नैपर्ने भए स्वास्थ्यसम्बन्धी मापदण्डभित्र रही उच्च सतर्कताका साथ गर्न पनि नगरपालिकाले सूचनामार्फत अनुरोध गरेको छ । जिल्लाका ११ पालिकामध्ये सबैभन्दा धेरै सङ्क्रमितको सङ्ख्या वालिङमा छ। वालिङमा बिहीबार साँझसम्म २२० भन्दा धेरै संक्रमित छन्।

# भारतमा एकै दिन चार लाख बढी संक्रमित

**रासस**
**काठमाडौं, २४ बैशाख**

कोरोनाभाइरस (कोभिड-१९) महामारीको दोस्रो लहरको सङ्कट व्यहोरिरहेको भारतमा विगत २४ घण्टाको अवधिमा चार लाख १४ हजार नयाँ सङ्क्रमित फेला परेका छन्। भारतमा यो सहित कूल संक्रमितको संख्या दुई करोड १५ लाख पुगेको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा थप तीन हजार ९१५ जनाको कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको छ । यो सहित भारतमा कोभिडको संक्रमणबाट मृत्यु हुनेको कूल संख्या दुई लाख ३४ हजार पुगेको हो। हाल विश्वमै कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाउनेको संख्या संयुक्तराज्य अमेरिका र ब्राजिलपछि भारत तेस्रो स्थानमा छ। संयुक्तराज्य अमेरिकामा पाँच लाख ९४ हजार तथा ब्राजिलमा चार लाख १७ हजारको ज्यान गइसकेको छ । भारतमा अझै पनि ३६ लाख ४५ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन् । पछिल्लो २४ घण्टामा सक्रिय संक्रमित झण्डै ७९ हजार व्यक्ति थपिएका थिए । मन्त्रालयका अनुसार हालसम्म एक करोड ७६ लाख १२ हजार व्यक्ति कोभिड-१९ बाट संक्रमणमुक्त भएका छन्। भारतमा कोभिड-१९ को दोस्रो लहरका कारण जनजीवन अस्तव्यस्त भए पनि भारत सरकारले देशव्यापी पूर्ण लकडाउन नगर्ने बताएको छ । कतिपय भारतीय राज्यहरुमा रात्रिकालीन निषेधाज्ञा वा आंशिक लकडाउन गरिएको छ । राजधानी नयाँ दिल्लीमा आगामी मे १० सम्मका लागि लकडाउन गरिएको छ । गत जनवरीमा देशव्यापी खोप अभियान सञ्चालन गरिएको भारतमा हालसम्म करिब १६ करोड ४० लाख व्यक्तिलाई कोभिड-१९ को खोप दिइसकिएको छ । अठार वर्षभन्दा माथिका व्यक्तिका लागि गत मे १ तारिखबाट खोप अभियान शुरु भइसकेको छ। यसैबीच, बिहीबारसम्म भारतमा कोभिड-१९ को २९ करोड ८६ लाख नमुना परीक्षण गरिएको छ। बिहीबार एकै दिन १८ लाख २६ हजार नमुना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषदले जनाएको छ।

बुधबार मात्र भारत सरकारका मुख्य वैज्ञानिक सल्लाहकार के. विजय राघवनले कोरोना संक्रमणको दर उच्च भइरहे भारतमा कोभिड-१९ को तेस्रो लहर आउन सक्ने चेतावनी दिएका छन् । तर उनले तेस्रो लहर कहिले आउँछ भन्ने बारेमा अझै प्रष्ट भइनसकेको पनि बताएनन्।



सुरक्षा जाँच गर्रिंदै : पछिल्लो समय कोरोना भाइरसलगायतका संक्रमण बढेपछि जिल्ला प्रशासनले केही दिनका लागि जारी गरेको निषेधाज्ञाको अवधिमा पृथ्वीचोकमा सुरक्षा जाच गर्दै सुरक्षाकर्मी। तस्वीरः राधिका कँडेल

# सांस्कारिक कर्म प्रभावित भएकोमा संस्कृति युवा मञ्च नेपालको गुनासो

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

कोभिड -१९ का कारण जारी निधेषाज्ञाले हिन्दू धर्म संस्कारअनुसार गरिने सांस्कारिक कर्म प्रभावित भएका छन्। स्वास्थ्य सतर्कतासहित कर्म गर्ने वातावरण मिलाइदिन संस्कृति युवा मञ्च नेपालले प्रशासनसमक्ष आग्रह गरेको छ।

मञ्चका अध्यक्ष हरिशरण पौडेलले हिन्दू धर्मसंस्कारअनुसार जन्मदेखि मृत्युपर्यन्त गरिने १६ संस्कारका लागि ब्राह्मण, पुरोहितको आवश्यकता हुने भएकाले स्वास्थ्य सतर्कतासहित कर्म गर्ने सहज वातावरण मिलाइदिन प्रशासनसमक्ष आग्रह गरिएको बताए । पौडेलले भने, "हिन्दू धर्मसंस्कारअनुसार गरिने कर्मका लागि ब्राह्मणको आवश्यकता पर्छ तर जारी निषेधाज्ञाले सम्बन्धित कर्म गर्न र गराउनबाट ब्राह्मणहरू वञ्चित छन् ।" उनले स्वास्थ्य सतर्कता अपनाएर पण्डितहरूलाई सांस्कारिक कर्म गर्ने पाउने वातावरण बनाइदिन प्रशासनमा ज्ञापनपत्र बुझाइएको बताए । "पत्रकार स्वास्थ्यकर्मीलगायत अन्यले जसरी स्वास्थ्य सतर्कतासहित आफ्नो कर्म गरेका छन्, त्यसरी नै ब्राह्मणहरूले पनि आफ्नो सांस्कारिक कर्म गर्न पाउनुपर्छ भन्ने हाम्रो माग हो ।" उहाँले यस्तै कारणले धर्मसंस्कार र संस्कृतिलाई बेवास्ता गर्दै गए सबै लोप हुँदै जाने भन्दै चिन्तासमेत व्यक्त गरे। मञ्चका सचिव विश्वराज सापकोटाले अग्रपंक्तिमा रहेर सांस्कारिक कर्ममा जुट्दा कोभिड -१९ को जोखिम पनि उत्तिकै रहने अवस्थालाई दृष्टिगत गरेर खोपको व्यवस्था गर्न पनि मञ्चले प्रजिअसमक्ष आग्रह गरेको जानकारी दिए । विश्व हिन्दू महासंघका अध्यक्ष पार्वती पौडेलले वर्तमान अवस्थाका कारण हिन्दू धर्मसंस्कारअनुसार गरिने विधि हुन नपाएको गुनासो गरे। "अहिलेको कठिन अवस्थामा हाम्रा धर्म संस्कारहरू पनि मासिँदै छन् । स्वास्थ्य पहिलो प्राथमिकता हो, सँगसँगै स्वास्थ्य सतर्कतासहित गर्न मिल्ने सांस्कारिक कर्म गर्न प्रशासनले रोक्नुहुँदैन ।" उनले हिन्दू धर्ममा १६ संस्कार गर्ने चलन रहेकामा कोरोना भाइरसका कारण यस्ता कर्मबाट वञ्चित हुनुपरेको सुनाए। परम्परागत सांस्कृतिक कर्म नहुँदा मनोसामाजिक अवस्थामा पनि असर पर्दै गएकाले यसतर्फ सोच्नुपर्ने तथा कोरोनाका कारण मृत्यु भएपछि शव गाड्नेभन्दा पनि जलाउनुपर्नेमा उनले जोड दिए।


**भूमि व्यवस्था,**
**कृषि तथा सहकारी मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**

**सूचना**

- यस मन्त्रालयले कृषितथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५% (पाँच प्रतिशत) ब्याज रकम अनुदान उपलब्ध गराउँदै छ। त्यसैले यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म ब्याज अनुदान नपाएका कृषि पेशासँग सम्बन्धित सबैमा अनुरोध गर्दछौं।
- बाली तथा पशुपन्छी बिमा गरेका कृषकहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मार्फत बिमा शुल्क (प्रिमियम) को २५% (पच्चीस प्रतिशत) रकम अनुदान उपलब्ध गराईने भएकोले बाली तथा पशुपन्छीको बिमा गरी जोखिम न्यूनिकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं।
- उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.molmac.gandaki.gov.np बाट कार्यक्रमसँग सम्बन्धित मापदण्डहरू डाउनलोड गर्न तथा सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।


# संविधानको...

आफ्नो स्रोत साधन परिचालन गरी कोभिड-१९ को सङ्क्रमित बिरामीलाई उपचार सेवा पुऱ्याउनेतर्फ एकमात्र लक्ष्य राख्नुपर्ने बताए।

यसैगरी नेपाली काँग्रेस, नेकपा(माओवादी केन्द्र) लगायतका पार्टीहरूको साझा उम्मेदवारका रूपमा रहनुभएका डा खिमलाल देवकोटाले देशको संविधानको मूल प्रवाहलाई ट्र्याकमा ल्याउने प्रयासका लागि आफूले उम्मेदवारी दर्ता गराएको बताए । उनले प्रदेशको भूमिकालाई अझै जनमुखी, पारदर्शी र जिम्मेवार बनाउनु पर्नेमा जोड दिंदै जनताको बृहत् सहभागिताबाट ल्याइएको गणतान्त्रिक व्यवस्थालाई जीवन्त राख्न राजनीतिक दलहरूमा इमान्दारिताको खाँचो औंल्याए । यस्तै अर्का उम्मेदवार नेपाल मजदूर किसान पार्टीका नेता कृष्णबहादुर तामाङले पनि आफूलाई पार्टीले दिएको निर्देशनबमोजिम उम्मेदवारी दर्ता गरेको बताए। देशको संविधान, ऐन तथा कानूनलाई आत्मसात् गर्दै नेपाली जनताको हितमा सधैँ स्वार्थरहित भएर अगाडि बढ्ने उनले दृढता व्यक्त गरे।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बैशाख २७ पछिको निकास सर्वदलिय सरकार

युव राज खनाल, तनहुँ



कोभिट को महामारीले देश दिनहुँ बिकराल बन्दै छ। साफ बिहान संक्रमितको दर कहाली लाग्दो रुपले बढेको छ भने कोरोनाका कारण मृत्यु हुने को संख्या पनि दिन प्रती दिन बढेको छ। सरकार जिम्मेवारीबाट पन्छि रहेको देखिन्छ। हस्पिटल सबै भरिभराउ भएका खवर र अक्सिजन नपाएर छट्पटी छट्पटी सन्सार छोड्नु पर्दाका समाचारले जनमनसमा तनाव सिर्जना गरेको छ। एउटा मात्रै कोठामा निर्वाह चलाउन विवश र तेहि परिबार भित्रको सदस्य कोरोनाबाट संक्रमित बन्दा हालको अबस्थामा कस्तो भै रहेको होला यस तर्फ सरकारले त्यति सोचेको जस्तो लाग्दैन। एकातिर यो अवस्थामा देश गुज्रिएको छ भने अर्को तर्फ राजनीतिक अस्थिरताले। अब बैशाख २७ गते पछि नेपाली राजनीति कुन दिशा तर्फ मोडिने हो सबैको चासो त्येता तिर गएको देखिन्छ।

हाल नेकपा माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार अल्पमतमा परेको छ। प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री ओलीको निर्णयप्रति तात्कालिक नेकपाभित्र माओवादी पक्ष असन्तुष्ट देखिएको थियो। सर्वोच्च अदालतको आदेशपछि संसद् पुर्नस्थापना भएको थियो। अदालतको अर्को आदेशपछि एमाले र नेकपा माओवादी छुट्टाछुट्टै अस्तित्वमा आएका थिए। तर माओवादीले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको थिएन। जसका कारण के पि ओलिको गर्जन उत्तिकै रहिरह्यो। जसको भागिदार माओवादी पनि हो। हाले प्रधानमन्त्रीले संसदमा विश्वसको मत लिने घोषणा गरेपछि माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। 'विश्वासको मत' लिने प्रधानमन्त्री ओलीको चाहनाप्रति विपक्षीहरू 'असन्तुष्ट' प्रतिनिधिसभाको अधिवेशन आह्वान, प्रधानमन्त्रीले 'विश्वासको मत लिने' सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र बुधवार माओवादी केन्द्रले संसद् सचिवालयना बुझाएको छ।

प्रधानमन्त्री ओलीले विश्वासको मत लिनका लागि यही वैशाख २७ गते संसद्को विशेष अधिवेशन बोलाइएको छ। जुन दिन उनले निर्वाचन गराउने भनी पौष ५ गते गरेको ससद विघटनको दिन निर्वाचनका लागि तोकिएको मितिनै विश्वासको मत लिने दिन छानेका छन्। यस पछि पनि केही रहस्य हुन सक्छ।

माओवादी केन्द्रले अहिले समर्थन फिर्ता लिनुको अर्थ, "यो विश्वासको मत असफल बनाउने हाम्रो नीति हो भनेको छ। काङ्ग्रेस र जसपासँग यसबारे छलफल गरि अगाडि बढ्ने भनिरहेको माओवादीले जनाएको छ। यदि परि स्थितिमा कु भएन भने प्रधानमन्त्री मन्त्रीले विश्वासको मत प्रात गर्ने छैनन् र अबको सरकार नेपाली कांग्रेसको नेतृत्वमा बन्न सक्ने प्रबल सम्भावना देखिन्छ। किन कि जनता समाजवादी पार्टीका उपेन्द्र यादव र बाबुराम भट्टराई अवस्थामा ओलीको विपक्षमा देखिएका छन् भने महन्थ ठाकुरलगायतका नेता उनकोपक्षमा देखिएका छन्।

नेकपा नामसम्बन्धी विवादमा सर्वोच्च अदालतद्वारा ऋषिराम कट्टेलको पक्षमा फैसला, नेकपा 'एकीकरणपूर्व अवस्थामा एमाले र माओवादी भिन्न दल हुँदा अब संसदीय समीकरण कस्तो रहने हो भन्ने बारे केही दिनअघि जसपा नेता उपेन्द्र यादवले बीबीसी नेपाली सेवासँग कुरा गर्दै आफू ओली सरकारको विकल्प खोज्नुपर्ने मान्यतामा भएको तर नेता ठाकुर र राजेन्द्र महतोहरू पार्टीका माग सम्बोधन गराउने पक्षमा देखिएको बताएका थिए। यसरि हेर्दा अबको समिकरण कस्तो होला भन्ने चासो यत्रतत्र हुन लागेको छ।

विश्वासको मत लिन सरकार अघि बढेपछि माओवादी केन्द्र र नेपाली कांग्रेसले यसअघि नै त्यसलाई असफल बनाउने निर्णय गरेका हुन नै। जसपाका महन्थ ठाकुर पक्ष र एमालेको असन्तुष्ट पक्ष एकै ठाउँमा उभिए सरकारले विश्वासको मत लिन सक्ने ठानिएको छ तर एमालेको असन्तुष्ट खेमा माधव नेपाल पक्षले के गर्ने हो त्यो पनि रहस्यमय नै हुने छ। के अबको विकल्पः 'यही सरकारको निरन्तरता वा ओलीकै नेतृत्वमा मङ्सिरमा चुनाव' हुने हो त बुद्धिजीवीहरुको चासोको विषय रहनु स्वाभाविक हो। प्रधानमन्त्री ओलीलाई हटाउन कांग्रेस अघि बढ् दा जसपामा 'मतभेद' देखिएको छ भने उता वैशाख २७ मा ओलीले विश्वासको मत लिनुअघि एमालेमा विभाजन आउने आशंकालाई पनि नकार्न मिल्दैन।

संसदमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत नपुगे ओली सरकार ढल्नेछ। प्रधानमन्त्री केपी शर्मा ओलीले पौष ५ गते प्रतिनिधिसभा विघटन गरेपछि सर्वोच्च अदालतले संसद् पुर्नस्थापित हुने फैसला सुनाए पनि माओवादी केन्द्रले सरकारको नेतृत्वका लागि प्रधानमन्त्री ओलीको ठाउँमा अर्को विकल्प दिन सकेको थिएन। प्रतिनिधिसभामा दलहरूको सदस्य संख्या २७५ रहने व्यवस्था छ।

तर विविध कारणले अहिले प्रतिनिधिसभामा कायम रहेको सदस्य संख्या २७१ छ। एमालेका १२१ जना, नेपाली कांग्रेसका दुई निलम्बितसहित ६३ जना र माओवादी केन्द्रका ५३ जना सांसद रहेकामा चार जना एमाले प्रवेश गरेपछि उनीहरूको पद गएको छात्यस्तै जसपाका दुई निलम्बितसहित ३४ सांसद छन् भने राप्रपा, नेमकिपा, जनमोर्चा एकएक जना र एक स्वतन्त्र सांसद छन्।

त्यसैले अब ओलीले विश्वासको मत लिनका लागि १३६ मत ल्याउनुपर्छ। यदि त्यो अवस्था आएन भने प्रधानमन्त्रीले पुन मध्याबधी को घोषणा गर्ने खेलमा लाग्दै छन्। जुन नेपाली काङ्ग्रेसलाई राजनीतिक हिसाबले फाइदा पुग्ने छ तर देशको बर्तमान परिस्थितिलाई काङ्ग्रेसले भुल्नु हुदैन। नेपाली जनता कोरोनाका कारण दिन प्रतीदिन संक्रमीत भैरहेका छन् र साँझ बिहानको छाक जुटाउन नसकेर चिन्तित छन्। जतातत्तै अस्थब्यस्त नै छ।

यसबीचमा नेकपाका दुवै समूहले प्रधानमन्त्रीविरुद्ध प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव पेश हुने र त्यसमाथि मतदान हुने अवस्था आएमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी जसपाको साथ पाउने आशा व्यक्त गर्दै आएका देखिन्छन् जुन स्वभाविक नै हो। तर के उनीहरुले आशा गरेझैँ कांग्रेस र जसपा कुनै समूहको पक्षमा उभिन तयार होला त यो प्रस्न पनि सबैले गर्न लागेको देखिन्छ। सामाजिक सन्जालमा आएका समाचार देख्दा देउवा-प्रचण्ड-नेपालबीच ती दुवै दलका नेताका कुरा सुन्दा उनीहरू तत्काल कसैको पक्षमा खुल्न चाहेका देखिदैन अर्थात् उनीहरूले 'पर्ख र हेर' को नीति अवलम्बन गरेको देखिन्छ।

नेकपा आधिकारिक रूपमै विभाजित भए कांग्रेसले प्रधानमन्त्री ओलीको पार्टी अथवा प्रचण्ड-नेपालको पार्टीलाई प्रधानमन्त्रीमा सघाये भने नेपाली इतिहास मा फेरि काङ्ग्रेसलाई हेर्ने नजर फरक पर्ने छ। यदि देश र जनताको मर्मलाई साँच्चिकै नेता र पार्टीहरुले मनन गर्ने हो भने बैशाख २७ गते पछि नेपाली काङ्ग्रेसको नेतृत्वमा सानो र छरितो नयाँ सरकारको गठन गरि देशमा भएका रोग, भोक र अभाव सग लडि नेपाली काङ्ग्रेसकै नेतृत्वमा चुनाव गराउने गरि अगाडि बढेमा देशले निकास पाउने छ ज।

यस तर्फ नेपाली काङ्ग्रेसले गम्भीरतापुर्बक सोच्नु पर्दछ। बर्तमान नेपाली काङ्ग्रेसका सभापति साथै नेपाली काङ्ग्रेसका ससदिय दलका नेता पटकपटक प्रधानमन्त्री भै सक्नु भएको र उहाबाट देशले निकास नपाउने भए नेजस्तो लागेमा नेपाली काङ्ग्रेसबाट सक्षम नेतालाई अगाडि बढाएर भएता पनि अबको राजनीतिक निकास निस्कनु पर्छ। सभापति देउवाले पनि बाटो खुल्ला गरिदिनु पर्छ। प्रधानमन्त्री के पि ओलिले पनि यस तर्फ पहल गरि देश र जनताका सामु आफ्नो छवि गिराउन हुन्न भन्ने लाग्दछ।

# अक्सिजनसहित ३५ शैयाको आइसोलेशन निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, २४ बैशाख

बागलुङ नगरपालिकाले नगर क्षेत्रमा कोरोना सङ्क्रमणको दर ह्वात्तै बढेपछि अक्सिजनसहितको आइसोलेशन कक्ष तयार पारेको छ। नगरपालिकाले आफ्नो पुरानो कार्यालय रहेको वडा नं ३ स्थित रातामाटामा ३५ शय्याको अक्सिजनसहितको आइसोलेशन निर्माण गरेको जनाएको छ।

नगरपालिका क्षेत्रमा रहेको धौलागिरि अस्पतालमा रहेका आइसोलेशन शय्या भरिँदै जान थालेपछि आइसोलेशन कक्षको निर्माण गरेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो। "अस्पतालमा रहेको २५ शैया क्षमताको आइसोलेशन लगभग भरिन थालेको छ, कोरोनाको दोस्रो लहरमा अक्सिजनकोनिकै आवश्यक रहेको हुँदा अक्सिजनसहितको आइसोलेशन निर्माण गरेका हौँ", नगरप्रमुख पौडेलले भन्नुभयो, "अहिले ३५ शय्याको तयारी गरेका छौँ, सङ्क्रमित बढ्दै गए शय्या थप्दै जानेछौँ।" धौलागिरि अस्पतालमा २३ सङ्क्रमित उपचाररत छन्। अस्पतालमा २५ जनालाई राखेर उपचार गर्न सक्ने क्षमता छ। गत वर्ष सङ्क्रमित धेरै भएपछि धौलागिरि बहुमुखी क्याम्पसमा राखेर उपचार गरिएको थियो। अस्पतालमा उपचाररत दुई जनाको बिहीबार मृत्यु भएको छ।

एक सङ्क्रमित र अर्को एकजना शङ्कास्पद बिरामीको मृत्यु भएको थियो। आइसोलेशनका सबै शय्यामा अक्सिजन जडान भएकाले अक्सिजन आवश्यक सङ्क्रमितलाई समेत आइसोलेशन शय्यामा राख्न सकिने नगर स्वास्थ्य शाखा संयोजन रामप्रसाद खनालले बताउनुभयो। जिल्लामा सङ्क्रमित भएका अधिकांशलाई अक्सिजन आवश्यक पर्ने भएकाले आइसोलेशन निर्माण गर्दा अक्सिजन जडान गर्नुपरेको हो।

# विवाह भोजमा सहभागी २५ मा कोरोना संक्रमण

पोखरापत्र संवाददाता
बागलुङ, २४ बैशाख

बागलुङ जिल्लाको बडिगाड गाउँपालिका-४ जलजलाका २५ जनामा शुक्रबार एकैसाथ कोरोना पुष्टि भएको छ। उनीहरू सबै विवाह भोजमा सहभागी रहेको पाइएको छ। सङ्क्रमति भएका अधिकांश केही दिनअगाडि सोही गाउँमा भएको एक विवाह समारोहमा सहभागी भएका थिए। गाउँमा कोरोना सङ्क्रमणको शङ्कास्पद बिरामी बढ्न थालेपछि गाउँपालिकाले पिसिआर परीक्षण गरेको थियो।

बिहीबार गाउँका २९ जनाको स्वाब परीक्षण गरिएकामा शुक्रबार २५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। यति धेरै जनामा सङ्क्रमण देखिनु स्थानीयवासीको हेलचक्र्याइँ रहेको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक चूडामणि कँडेलले जानकारी दिनुभयो।

गाउँपालिकामा सङ्क्रमण तीव्र गतिमा फैलिएको हुँदा थप सतर्कता अपनाउनु पर्ने कँडेलको भनाइ छ। गाउँभर सङ्क्रमण फैलिएपछि रोकथामका लागि आफूहरू लागि रहेको उहाँको भनाइ छ। गाउँमा सरकारले निर्देशन गरेको स्वास्थ्य मापदण्ड पालनालाई बेवास्ता गर्दा अस्वाभाविकरूपमा सङ्क्रमणको दर बढेको कँडेल बताउनुहुन्छ।

जलजला गाउँसँगै अन्य गाउँमा पनि सङ्क्रमणको जोखिम बढेको भन्दै उहाँले सबैतिर परीक्षण शुरु गरेको बताउनुभयो। संक्रमणको व्यवस्थापनका लागि गाउँपालिकाले आइसोलेशन तथा अन्य व्यवस्थापनलाई तीव्रता दिएको छ। विवाह भोजमा सहभागी भएका दुलाहा पक्षका आफन्त तथा अन्य गाउँका अधिकांश मानिस बिरामी परेको वडाध्यक्ष प्रेम गलामी मगरले जानकारी दिनुभयो। उहाँले गाउँमा पछिल्लो समय बाहिरबाट आवतजावत बढी भएको र विवाहलगायतका कार्यक्रम नियमित हुँदा जोखिम बढेको बताउनुभयो। "अहिले सङ्क्रमित भएकाहरू अधिकांश विवाहमा सहभागी भएका छन्, केही उनीहरूसँग सम्पर्कमा रहेका छन्", उहाँले भन्नुभयो "पछिल्लो समय गाउँमा भिडभाड हुने खालका गतिविधि भएको र त्यहीँबाट कोरोना फैलिएको भन्ने लाग्छ, गाउँमा अरु पनि धेरै बिरामी पर्नुभएको छ तर अवस्था सबैको सामान्य छ।"

गाउँ कोरोना सङ्क्रमणको उच्च जोखिममा परेपछि केही दिनका लागि गाउँ नै सिल गरिएको छ। सङ्क्रमित सबैको अवस्था सामान्य भएकाले होम आइसोलेशनमै राखिएको अध्यक्ष मगरको भनाइ छ। गाउँमा सङ्क्रमण बढ्दै गएपछि स्थानीयवासीमा त्रास छाएको छ। अहिले सङ्क्रमितहरुलाई ज्वरो आउने तथा रुघा खोकीलगायतका लक्षण देखिएको छ। केही दिनअगाडि गाउँमा भएको विवाह समारोहमा जलजला गाउँसँगै अन्य विभिन्न स्थानबाट पनि मानिसहरू सहभागी भएको बताइएको छ।

उक्त विवाहमा करिब ४०० सहभागी भएको स्थानीयवासीको भनाइ छ। विवाहमा सहभागी भएका ८७ वर्षीय वृद्धाको बिहीबार धौलागिरि अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो। उहाँको मृत्युपछि गाउँमा थप त्रास फैलिएको छ।

## आँसु नै झरेछ



वामनप्रसाद ढेवाजु
गौडाकोमुख-१३

बिदेशबाट जन्मभूमी टेक्दा
आँसु नै झरेछ मेरो आँसु नै झरेछ।
थाहा नपाइ झरिदिए आँसु
नेपाल आमाको मुहार देखेर
नेपाल आमाको मुहार देखेर।
बिदेश बस्दा आमालाई सम्झी
त्याहाँ पनि झर्दथ्ये आँसु
त्याहाँ पनि झर्दथ्ये आँसु।
आफ्नो देश जस्तो नहुने रहेछ
बिदेश भूमीमा आफन्तो पनि नपाइने रहेछ
त्यो बिदेश भमीमा त्यो बिदेश भूमीमा।
आउँथ्यो याद जन्मभूमिको
नेपाल बिर्सनै नसक्ने बिर्सनै नसक्ने
साग र सिस्नो खाएको मिठो
स्वदेश भूमीमा स्वदेश भूमीमा।
जति सुख सुविधा पाएपनि
मलाई स्वदेश जस्तो भएन
कहिल्यै स्वदेश जस्तो भएन कहिल्यै।
बिदेशबाट जन्मभूमी टेक्दा
आँसु नै झरेछ मेरो आँसु नै झरेछ
नेपाल आमा को मुहार देखेर
नेपाल आमा को मुहार देखेर।

# वन्यजन्तु अपराध नियन्त्रण गर्ने ब्यूरो गठन

पोखरापत्र संवाददाता
बागलुङ, २४ बैशाख

ढोरपाटन शिकार आरक्ष क्षेत्रमा अवैध रूपमा हुनसक्ने वन्यजन्तु र तिनको आखेटोपहारको ओसार पसार नियन्त्रणमा सघाउ पुऱ्याउन जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो गठन गरिएको छ। शिकार आरक्षका प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा ब्यूरो गठन गरिएको हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग र वन्यजन्तु कोषसमेतको पहलमा ब्यूरो गठन गरेर काम थालेको प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो। शिकार आरक्ष क्षेत्रमा वन, वन्यजन्तु, वनस्पतिलगायत सम्पूर्ण जैविक विविधताको संरक्षण संवर्द्धन र व्यवस्थापनमा समेत सम्बन्धित सरोकारवाला निकायबीच समन्वय गर्ने र प्रभावकारी रूपमा आपसी संवाद, सहकार्य गर्ने जिम्मेवारी ब्यूरोले पाएको छ।

विसं २०७७ पुस २८ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले सिफारिस गरेअनुसार ब्यूरो गठन गरिएको हो। शिकार आरक्ष फैलिएका म्याग्दी र रुकुम पूर्वमा पनि ब्यूरो गठनका लागि सिफारिस गरी विभागमा पठाइएको कँडेलले जानकारी दिनुभयो। "यो एउटा एक्शन समिति हो, जसले संरक्षणमा विशेष ध्यान दिएर काम गर्छ", कँडेलले भन्नुभयो, "शिकार आरक्ष क्षेत्रका वन्यजन्तु, वन पैदावार, वनस्पतिलगायतको संरक्षणमा ब्यूरोले विशेष काम गर्नेछ।"

ब्यूरोमा जिल्ला प्रशासन कार्यालय, सरकारी वकिल कार्यालय, नेपाली सेना, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, कारागार र जिल्ला हुलाक कार्यालयका प्रतिनिधिको सहभागिता रहनेछ।

# लमजुङमा घरेलु हिंसा बढ्दै

पोखरापत्र संवाददाता
लमजुङ, २४ बैशाख

चेतनाको कमी, गरिबी तथा अशिक्षा र बेरोजगार लगायतका कारण जिल्लामा घरेलु हिंसा बढ्न थालेको हो।

चालू आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म जिल्ला प्रहरी कार्यालय लमजुङमा ६५ वटा घरेलु हिंसासम्बन्धी उजुरी परेको जिल्ला प्रहरी कार्यालयअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनाएको छ। केन्द्रका अनुसार ती उजुरी परेकामध्ये ३६ वटा मिलापत्र भइसकेको छ भने २१ वटा अदालती प्रक्रियामा गएको र आठ वटाको काम भइरहेको छ।

गत आर्थिक वर्षमा भन्दा यस चालू आवको नौ महिनासम्ममा चारवटा घरेलु हिंसा बढी भएको देखिन्छ। गत आर्थिक वर्षमा कार्यालयमा घरेलु हिंसासम्बन्धी ६१ वटा उजुरी परेका थिए। यसमध्ये ४५ मिलापत्र, ६ अदालती प्रक्रियामा गएको र १० वटाको काम भइरहेको केन्द्रको प्रमुख तथा जिल्ला प्रहरी कार्यालय प्रहरी सहायक निरीक्षक नन्दु अधिकारीले बताउनुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०७५/७६ मा घरेलु हिंसासम्बन्धी १२ वटा निवेदन परेको थियो। सो निवेदनमध्ये नौ मिलापत्र भएको र तीन वटाको काम भइरहेको छ। त्यस्तै, आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा धेरै ७९ वटा उजुरी परेको थियो। जसमध्ये ४५ वटा मिलापत्र भइसकेको छ। १२ वटा अदालती प्रक्रियामा गएको र २२ वटा काम भइरहेको बताइएको छ।

त्यस्तै, यस चालु आवको साउनदेखि चैत मसान्तसम्म प्रहरी कार्यालयमा २७ वटा ठाडो उजुरी परेको छ जसमध्ये १८ मिलापत्र भएको, एक अदालती प्रक्रियामा गएको र आठ वटाको काम भइरहेको छ। गत आव २०७६/७७ मा कार्यालयमा १८ वटा ठाडो उजुरी परेकामा ११ मिलापत्र भएको, एक अदालती प्रक्रियामा गएको र ६ वटाको काम भइरहेको प्रहरी सहायक निरीक्षक अधिकारीले बताउनुभयो। त्यस्तै, २०७५/७६ मा सबैभन्दा धेरै १२६ वटा ठाडो उजुरीका निवेदन परेकोमा ९१ मिलापत्र, २३ अदालती प्रक्रियामा र १२ वटाको काम भइरहेको उहाँले बताउनुभयो। त्यस्तै, आव २०७४/७५ मा ३८ वटा ठाडो उजुरी परेकोमा २९ मिलापत्र भएको र नौ वटाको काम भइरहेको छ। जिल्लामा घरेलु हिंसा न्यूनीकरण गर्न विभिन्न सचेतना कार्यक्रम, नाटक, पोष्टर वितरण लगायतका क्रियाकलाप गर्दै आए तापनि घरेलु हिंसामा कमी आउन नसकेको प्रहरी सहायक निरीक्षक अधिकारीले बताउनुभयो।

# कोरोनाबाट एकाघरका तीन दाजुभाइको मृत्यु

रासस
काठमाडौं, २४ बैशाख

कोरोना सङ्क्रमणबाट नेपालगञ्जमा एकाघरका तीन दाजुभाइको अकालमा मृत्यु भएको छ। मृत्युहुनेमा नेपालगञ्ज उपमहानगरपालिका -३ निवासी इम्तियाज, एजाज र जहीर अहमद रहेका छन्। जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र बाँकेका स्रोत व्यक्ति तेज वलीका अनुसार उनीहरूको एकएक दिनको अन्तरालमा मृत्यु भएको हो। जहीरको मृत्यु भएको भोलिपल्ट एजाजको मृत्यु भएको थियो। आज बिहान इम्तियाजको मृत्यु भएको स्रोत व्यक्ति वलीले बताउनुभयो। सात दाजुभाई मध्ये जहीर कान्छा, एजाज राइलो र इम्तियाज काइलो हुन्।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मानसिक तनाव | धनु | : शत्रुको भय |
| कर्कट | : झमेला बढ्ने | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविस्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# म्याग्दी अक्सिजनमा आत्मनिर्भर

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २४ बैशाख**

महामारीका रूपमा फैलिएको कोरोना भाइरसका साथै श्वासप्रश्वासका बिरामीको उपचारका लागि आवश्यक पर्ने अक्सिजनमा म्याग्दी जिल्ला आत्मनिर्भर बनेको छ । बेनी अस्पतालले अक्सिजन उत्पादन केन्द्र सञ्चालन गरेर जिल्लालाई अक्सिजनमा आत्मनिर्भर बनाएको हो । देशका विभिन्न ठाउँमा अक्सिजन अभावमा कोरोना सङ्क्रमित र श्वासप्रश्वासको समस्या भएका बिरामीको उपचारमा समस्या भएको खबर सार्वजनिक भइरहेका बेला म्याग्दीमा भने अक्सिजनको उत्पादन र आपूर्ति पर्याप्त छ।

बेनी अस्पतालका प्रमुख डा जितेन्द्र कँडेलले उपचारका लागि आउने र घरमै अक्सिजन लगाउनुपर्ने बिरामीका लागि पर्याप्त अक्सिजन व्यवस्थापन गरिएको बताउनुभयो । "अस्पतालको सबै शय्यामा प्लान्टबाट सिधैं पाइपबाट अक्सिजन आपूर्ति गर्ने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो, "निर्माणाधीन आइसोलेशन कक्षमा पनि पाइपबाट सिधैं अक्सिजन आपूर्ति गर्ने संरचना तयार पार्दैछौं । सिलिण्डर पनि तयारी अवस्थामा छन् ।" बेनी अस्पतालमा ३४ ठूला, चारवटा मध्यम र एम्बुलेन्समा जडान भएकासहित छवटा साना अक्सिजनका सिलिण्डर छन् । अस्पतालका सिलिण्डर बिरामीलाई घर लैजान दिइएको छैन । दीर्घरोगीको निधनपछि घरमै प्रयोगविहीन भएर थन्किएका अक्सिजन सिलिण्डर उपलब्ध गराउन अस्पतालले अपिल गरेको छ।

बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले अस्पतालमा आउने बिरामी र नियमित अक्सिजन लगाउनुपर्ने बिरामीका लागि बाहिरबाट अक्सिजन आयात हुन छाडेको बताउनुभयो । अस्पतालमा भएका सबै ३० वटा शय्यामा अक्सिजन पाइप जडान गरिएको छ। आकस्मिक, मिर्गौला डायलायसिस, सघन उपचारकक्ष (आइसीयू) र बहिरङ्ग विभागका शय्यामा अक्सिजन आपूर्ति गराउन पाइप लाइन जडान भएको छ। सिलिण्डर भरेर ओसार्नु पर्दैन।

पाइपबाट शय्यामै अक्सिजन आपूर्ति हुन थालेपछि स्वासप्रस्वास सम्बन्धी समस्या भएका बिरामीको उपचार सहज भएको छ । गत पुषदेखि अस्पतालमा अक्सिजन उत्पादन शुरु गरेपछि घरमै अक्सिजन दिएर राख्नुपर्ने बिरामीका लागि पनि सिलिण्डर भर्न पोखरा जाने समय र खर्चको बचत भएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्षमा उपलब्ध गराएको रु १० लाख बजेटले पलान्टबाट अस्पतालको बेडमै अक्सिजन पुऱ्याउन पाइपलाइन जडान गरिएको हो। पलान्टले एक दिनमा १५ वटा सम्म सिलिण्डरमा अक्सिजन भर्न सक्ने क्षमता रहेको छ। हाल १० वटा सम्म सिलिण्डर भर्ने डाक्टर कडेलले बताउनुभयो।

अस्पतालमा सामान्य अवस्थामा दैनिक २० देखि २५ जना स्वासप्रस्वास सम्बन्धी समस्या भएका बिरामी आउँछन्। हावालाई प्रसोधन गरेर अक्सिजनलाई सिलिण्डरमा भर्न मिल्ने उपकरण जडान गरिएको छ। एक पटकमा तीन वटा सिलिण्डरमा अक्सिजन भर्न सकिन्छ। अक्सिजन उत्पादन केन्द्रको पूर्वाधार निर्माण र औजार खरिद तथा जडान गर्न रु ६३ लाख खर्च भएको छ । "सामाजिक विकास मन्त्रालयले गत आर्थिक वर्षमा रु ७५ लाख बजेट पठाएकोमा प्रतिस्पर्धामार्फत ४३ लाखमा अक्सिजन उत्पादन गर्ने उपकरण खरिद गरिएको थियो", अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कटुवालले भन्नुभयो, "'सङ्घीय सांसद भूपेन्द्र थापाको सिफारिसमा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम मार्फत रघुगङ्गा गाउँपालिकाले दिएको रु १४ लाख र अस्पतालको रु एक लाख ४० हजारमा सिलिण्डरमा अक्सिजन भर्ने बुस्टर मेसिन किनेर पलान्ट सञ्चालनमा ल्याएका छौं ।" मन्त्रालयको रु पाँच लाख सहयोगमा अक्सिजन पलान्ट स्थापना गर्ने भवन निर्माण गरिएको छ । धवलागिरी गाउँपालिकाले चालु आर्थिक वर्षमा बिनियोजन गरेको रु ३० लाखबाट सघन उपचार कक्षमा १ वटा भेन्टिलेटर थप गर्ने र एसी जडान गर्ने तयारी भएको कटुवालले बताउनुभयो।

विसं २०७२ मा ५० शय्या क्षमतामा स्तरोन्नति भएको बेनी अस्पतालले पाँच शय्या क्षमताको सघन उपचारकक्ष सञ्चालनमा ल्याएको छ । गत साउनदेखि मिर्गौलाको डायलायसिस सेवा शुरु गरेको अस्पतालले आँखा उपचारकक्षसमेत सञ्चालन गरेको छ । फोहर व्यवस्थापन केन्द्रसमेत स्थापना गरेको छ । पचास शय्या क्षमताको भवन निर्माणमा भएको ढिलासुस्ती र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नहुनु बेनी अस्पतालको चुनौती देखिएको छ।

# सबैको लघुवित्तको सीईओमा केशव पौडेल पुनः नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ बैशाख**

सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा केशव कुमार पौडेल पुननियुक्त भएका छन।

शुक्रबार वसेको वित्तीय संस्थाको सचालक समितिको ८६ औ वैठकले २०७८ जेठ १ गतेवाट लागु हुने गरिथप ४ वर्ष (दोश्रो कार्यकाल) का लागि संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा पौडेललाई नियुक्ति गरिएकोबताइएको छ । २०४९ सालमा निर्धन लघुवित्त वित्तीय संस्थावाट सेवा प्रवेश गरेका पौडेलसँग विभिन्न लघुवित्त वित्तीय संस्थाहरुमा बिभिन्न पद हुदैं प्रमुख कार्यकारी अधिकृत पदमा रहेर कार्य गरेकोअनुभव छ। २०७४ जेठ ०१ गतेदेखि सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत पदको जिम्मेवारी वहन गरेका पौडेलको यही मिति ०७८ वैशाख मसान्तसम्म मात्र कार्य अवधी रहेको थियो । निजको बितिय अनुभव र कार्य कुशलताको सम्मान गर्दै बोर्डले आगामी ४ बर्षका लागी पुनप्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी प्रदान गरेको बताएको छ। नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही तनहुँ जिल्लाको बन्दीपुर गाउँपालिका वडा नं. १ डुम्रेमा केन्द्रीय कार्यालय रहेको सबैको लघुवित्त वित्तीय संस्था लिमिटेड मिति २०७४ बैशाख २५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ आषाढ २५ गते नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तर कार्यक्षेत्रमा वित्तीय कारोवार सञ्चालनगर्ने "घ" वर्गको इजाजत पत्र प्राप्त गरी मिति २०७४/०३/३० गतेबाट विधिवत रुपमा सञ्चालनमा आएको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो।

संस्थाले ०७८ चैत्र मसान्तसम्म ७ वटै प्रदेशका ३७ जिल्लाहरुमा ६९ शाखा कार्यालय, ४ अनुगमन मुकाम र केन्द्रीय कार्यालय गरी ७४ वटा कार्यालयहरुको संजाल बिस्तार गरेको छ।

सोही अवधीसम्ममा करिब ५० हजार घरधुरीमा सेवा विस्तार गरेको छ भने संस्थाको लगानीमा रहिरहेको कर्जा ३ अर्व १४ करोड ६४ लाख रहेको छ भने बचतमा ८१ करोड ८९ लाख रहेको छ।

# आलोपालो गर्दै बागलुङका बैंक तथा वित्तीय संस्था

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ बैशाख**

कोरोना सङ्क्रमणको जोखिम हुन नदिन सदरमुकाममा सञ्चालित बैंक तथा वित्तीय संस्थाले आलापालो गरी सेवा दिने भएका छन् । आजदेखि लागू हुने गरी नेपाल बैंक लिमिटेड हप्ताको तीन दिन र अन्य बैंक तथा बीमा कम्पनी आलापालो गरेर हप्ताको दुई दिन मात्र खुल्ने छन् । नेपाल बैंक लिमिटेडले आइतबार, मङ्गलबार र बिहीबार सेवा दिने जनाइएको छ।

सदरमुकाममा २८ वाणिज्य/विकास बैंक र दर्जन बढी बीमा कम्पनी सेवारत छन् । न्यून कर्मचारीको उपस्थितिमा जनस्वास्थ्य मापदण्डको पूर्ण पालना गरी बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म मात्र सेवा सञ्चालन गर्ने निर्णय भएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गणेश गौतमले जानकारी दिनुभयो।

जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले बैंकर्स एशोसिएसन र वित्तीय संस्थाका प्रतिनिधिसँगको छलफलपछि आलोपालो र समयको निर्धारण गरेको हो । प्रभु बैंकले भने सरकारी कार्यालयसँग समन्वय गरी आवश्यकताअनुसार राजश्व काउण्टर सञ्चालन गर्ने जनाइएको छ । सबै बैंक एकसाथ खुल्दा सेवाग्राहीको भीडभाड हुने र कोरोना सङ्क्रमणको जोखिम बढ्ने हुँदा आलोपालो गरेर बैंक खोल्ने निर्णय गरिएको बैंकर्स एशोसिएसनले जनाएको छ । एशोसिएसनले सेवा सञ्चालन गर्दा अनिवार्य रूपमा स्वास्थ्य सुरक्षा सावधानी अपनाउन सबै बैंकहरूलाई आग्रह गरेको छ।

बागलुङ नगरपालिकामा मङ्गलबारदेखि दश दिनसम्मलाई निषेधाज्ञा जारी गरिएको छ। स्थानीय प्रशासनले खाद्यन्न, तरकारी, फलफूल, दूध, मासुलगायत दैनिक उपभोग्य वस्तुका पसल पनि बिहान ७ देखि १० बजेसम्म खोल्न दिने निर्णय गरेको छ । अन्य पसल, व्यवसाय बन्द छन् । अत्यावश्यकबाहेकका सवारीसाधन पनि ठप्प छन् । कोरोना सङ्क्रमितको सङ्ख्या दैनिक बढ्दै गएपछि निषेधाज्ञालाई थप कडा तुल्याइएको छ।

जिल्ला प्रशासन कार्यालयले सवारी अनुमति पत्र पनि वितरण नगर्ने निर्णय गरेको छ । जिल्लाका अन्य स्थानीय तहमा पनि निषेधाज्ञा जारी गरिएको छ । कोरोना सङ्क्रमणको दोस्रो लहर फैलिएसँगै जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या २०० नाघेको छ । अधिकांश सङ्क्रमित होम आइसोलेशनमै रहेपनि गम्भीर लक्षण लिएर अस्पताल पुग्ने सङ्क्रमितको सङ्ख्या पनि दैनिक बढ्दो छ।

# राम्दी घाटमा २५ भन्दा बढी मलामी जम्मा हुन नपाइने

**पोखरापत्र संवाददाता**
**स्याङजा, २४ बैशाख**

गल्याङ नगरपालिका-१ राम्दी घाटमा २५ जनाभन्दा बढी मलामी जम्मा हुन नपाइने भएको छ । राम्दी बजार व्यवस्थापन समितिले राम्दीमा २५ जनाभन्दा बढी मलामी जम्मा हुन नपाउने निर्णय गरेको हो।

स्थानीयवासी शिवहरि अमात्यले २५ जनाभन्दा बढी मलामी राम्दीमा जम्मा हुन नपाउनेसहितका निर्णय गरिएको बताउनुभयो । अमात्यका अनुसार बिहान ६:०० देखि साँझ ६:०० बजेसम्म मात्रै शव जलाउन पाइने भएको छ।

अन्य समयमा अन्तिम संस्कार गर्न पूर्ण रूपमा निषेध गरिएको उहाँले बताउनुभयो। यस्तै मलामीहरू खानपिनका लागि बजारमा बस्न नपाउने र बजार डुल्न नपाउने निर्णय गरिएको छ। कोरोना सङ्क्रमितको सङ्ख्या बढिरहेको भन्दै रोकथामका लागि यस्तो निर्णय गरिएको बताइएको छ। स्याङ्जा र पाल्पाको सङ्गमस्थलमा रहेको राम्दी घाटमा शव जलाउनका लागि स्याङ्जा, पाल्पा, रुपन्देहीबाट समेत ल्याइने गरिन्छ।

कोरोना सङ्क्रमण बढेसँगै त्रसित बनेका राम्दीका स्थानीय बासिन्दाले मलामी धेरै आउँदा आफूहरूलाई सङ्क्रमणको जोखिम बढी हुने भएकाले २५ जनाभन्दा बढी मलामी आउनाका साथै मलामी आउनेलाई बजार क्षेत्रमा हिँड्डुल गर्न रोक लगाइएको स्थानीयवासी सुशीला श्रेष्ठले जानकारी दिनुभयो।

# सगरमाथा आधार शिविरबाट फर्केका १२ मा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, २४ बैशाख**

हिमाली जिल्ला सोलुखुम्बुमा कोरोना सङ्क्रमितको सङ्ख्या २१ पुगेको छ । सगरमाथा आधार शिविरबाट फर्किएका १२ र सोलुदूधकुण्ड नगरपालिकामा थप एक जनामा पोजिटिभ देखिएसँगै सङ्क्रमितको सङ्ख्या २१ पुगेको हो।

सगरमाथा आधार शिविरबाट फर्केका दुई विदेशीसहित १२ जनालाई कोरोना सङ्क्रमण पुष्टि भएको खुम्बुपासाङ ल्हामु गाउँपालिकाका स्वास्थ्य संयोजक अर्थिमाया तामाङले जानकारी दिनुभयो। उहाँका अनुसार यही वैशाख १५ र १६ गते एन्टिजेन परीक्षण गर्दा दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो । यस्तै बुधबार दुई तथा बिहीबार र आज चार/चार जनामा सङ्क्रमण पुष्टि भएको उहाँले बताउनुभयो।

तीमध्ये कोरोना सङ्क्रमित दुईमा श्वासप्रश्वासमा समस्या देखिएपछि गाउँपालिकाको आइसोलेशन सेन्टरमा राखी उपचार शुरु गरिएको गाउँपालिकाले जनाएको छ । अन्य आठलाई होम आइसोलेशनमा राखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका अनुसार आजसम्म चार जनालाई थप उपचारका लागि अन्यत्र रिफर गरिएको छ । खुम्बुपासाङ ल्हामु गाउँपालिकाबाट फिलिपिन्स र दुबईका एक/एक नागरिकलाई थप उपचारका लागि हेलीकोप्टरमार्फत काठमाडौँ पठाइएको गाउँपालिका स्वास्थ्य संयोजक तामाङले जानकारी दिनुभयो।

यस्तै जिल्ला अस्पताल फाप्लुमा परीक्षण गरेकामध्ये एकलाई काठमाडौँ र एकलाई विराटनगर रिफर गरिएको जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका सूचना अधिकारी रामनारायण शाहले जानकारी दिनुभयो । लिखु हाइड्रोपावरमा गरिएको परीक्षणसहितको तथ्याङ्कलाई आधार मान्ने हो भने अहिलेसम्म जिल्लामा ३० जनामा कोरोना सङ्क्रमण भएको छ तर हाइड्रोपावरले गरेको परीक्षणलाई नेपाल सरकारले आधिकारिक मानेको छैन।

# सुत्केरीलाई एम्बुलेन्स निःशुल्क

**पोखरापत्र संवाददाता**
**तनहुँ, २४ बैशाख**

तनहुँको म्याग्दे गाउँपालिकाले सुत्केरी र कोभिड सङ्क्रमितलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने भएको छ।

कोभिड जोखिमका कारण सुत्केरीलाई समस्यालाई पर्ने भएकाले गाउँपालिकाले सुत्केरीलाई निःशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरेको हो । साथै कोभिड सङ्क्रमितलाई पनि एम्बुलेन्स सेवा निःशुल्क हुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। गाउँपालिकाले दुई एम्बुलेन्स सञ्चालन गरेको छ । एउटा एम्बुलेन्स गाउँपालिका आफैँले खरीद गरेको हो भने अर्को सूर्य नेपाल प्रालिले उपलब्ध गराएको हो । ती एम्बुलेन्सले अन्य प्रकृतिका बिरामीका अतिरिक्त सुत्केरी र कोभिडका बिरामीलाई उच्च प्राथमिकता दिई सेवा उपलब्ध गराउनेछ भने कोभिड र सुत्केरीको हकमा मात्र अभिलेख राखी विना लागत निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने निर्णय भएको अधिकारीले जानकारी दिनुभयो।

यसैगरी व्यास नगरपालिकाले गर्भवती र जटिल बिरामीलाई घरबाट अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स सेवा निःशुल्क प्रदान गर्ने भएको छ। नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठका अनुसार वडा कार्यालयको संयोजनमा गर्भवती र जटिल बिरामीलाई अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्स उपलब्ध गराइनेछ।

# विकास निर्माणका काममा युवाको सक्रियता

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ बैशाख**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को दोस्रो लहरको सङ्क्रमण समुदायस्तरसम्म पुगेपछि गरिएको (लकडाउन) बन्दाबन्दीका कारण म्याग्दीको बेनी नगरपालिकाका सवै मानिस घरभित्र नै खुम्चिएका छन् ।

बन्दाबन्दीका कारण फुर्सदिला बनेका म्याग्दीको बेनी नगरपालिका-२ बगरफाँटका युवा भने सुरक्षा सावधानी अपनाएर विकास निर्माणका काममा जुटेका छन् । गाउँका आठ युवा मिलेर खहरेखोला-कुरुङ्दी-जलकेनी सडकको मर्मतका लागि बेनी नगरपालिकाले विनियोजन गरेको रु पाँच लाख बराबरको कामको ठेक्का लिएर उनीहरू सडक मर्मतमा जुटेका हुन् ।

स्थानीय युवा पूर्णबहादुर हुमेनको नेतृत्वमा रामबहादुर पोखेल, विकास कुवँर, कृष्ण पोखेललगायत युवाले अहिले धमाधम खहरेखोलामा ग्याविन जाली भर्ने काम गरिरहेका बेनी नगरपालिका-२ का वडासदस्य चन्द्रबहादुर कुवँरले जानकारी दिनुभयो । वडासदस्य कुँवरका अनुसार आर्थिक वर्ष २०७६/७७ मा बेनी नगरपालिकाको रु पाँच लाखको लागतमा निर्माण गरिएको खहरेखोला-कुरुङ्दी-जलकेनी सडकमा गत वर्ष आएको बाढीले क्षति पुऱ्याएपछि सोही सडकको मर्मतमा युवा जुटेका हुन् । बन्दाबन्दीको समयमा घरमा बिनाकाम बस्नुभन्दा युवाले रोजगारी पनि पाउने र विकासको काम पनि हुने भएकाले सडक मर्मतको जिम्मा स्थानीय युवालाई नै दिइएको उहाँले बताउनुभयो।

बाहिरबाट मजदूर ल्याएर काममा लगाउँदा कोरोना सङ्क्रमणको जोखिम पनि बढ्ने र स्थानीय युवा पनि बेरोजगार बस्नुपर्ने भएकाले गाउँकै युवालाई काममा लगाइएको खहरेखोला-कुरुङ्दी-जलकेनी सडक मर्मत उपभोक्त समितिका अध्यक्ष रामबहादुर पोखेलले बताउनुभयो । अध्यक्ष पोखेलका अनुसार सडकको खहरेखोला खण्डमा २२ वटा र अन्य भागमा १८ गरी ४० वटा ग्याविन जाली भर्नुका साथै स्काभेटरको माध्यमद्वारा खहरेखोलादेखि जलकेनी बान्नोसम्मको करिब १ किलोमिटर सडकको मर्मत तथा सरसफाइ गरिने छ।

# दमौली अस्पतालका जनरल वार्ड कोभिड कक्षमा रुपान्तरण

**पोखरापत्र संवाददाता**
**दमौली, २४ बैशाख**

तनहुँको सदरमुकाममा रहेको दमौली अस्पतालले जनरल वार्डलाई कोभिड कक्ष बनाएको छ । कोरोना जोखिम बढेर सङ्क्रमित बढ्न थालेपछि अस्पतालले जनरल वार्डलाई कोभिड कक्ष बनाएको हो । उक्त ठाउँमा १६ शय्याको व्यवस्थापन भइसकेको र त्यसलाई ३० शय्या बनाउने तयारी थालिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो। जनरल वार्डलाई भने इमर्जेन्सी सञ्चालित भवनको तीन कोठामा स्थानान्तरण गरिएको छ। त्यहाँ सात/आठ शय्या तयारी गरिएको छ। "इमर्जेन्सी कक्ष नजीक स्वास्थ्यकर्मी सुत्ने र एआरटी कक्षलाई जनरल वार्ड बनाइएको छ", अधिकारीले भन्नुभयो।

कोभिड जोखिमका कारण अस्पतालले केही समयका लागि प्रसूतिको शल्यक्रिया गर्ने कार्य भने स्थगितको तयारी गरेको छ । "कोभिड सङ्क्रमण हुने जोखिम भएकाले केही समयका लागि प्रसूतिको काम मात्रै स्थगित गर्ने सोचमा छौं, अन्य सबै काम भने सुचारु नै हुन्छ", अधिकारीले भन्नुभयो । अस्पतालले सुत्केरी वार्डलाई प्रशासन शाखामा र प्रशासन शाखालाई जिल्ला स्वास्थ्य कार्यालयको भवनमा स्थानान्तरण गरेको छ। अस्पतालले सात आइसियु र चार भेन्टिलेटरसहितको शय्या यसअघि नै तयार गरिसकेको छ । अस्पतालले स्वास्थ्य मन्त्रालयको आर्थिक सहयोगमा आइसियु र भेन्टिलेटर शय्याको व्यवस्थापन गरेको हो। आइसियु र भेन्टिलेटरको व्यवस्था भएपछि अब कोभिडका गम्भीर प्रकृतिका बिरामीलाई पनि बाहिर पठाउनुनपर्ने अधिकारीले जानकारी दिनुभयो।

अस्पताल परिसरमा अक्सिजन प्लान्ट निर्माण प्रक्रिया पनि शुरु गरिएको छ। गण्डकी प्रदेश सरकारले अक्सिजन प्लान्ट निर्माणका लागि चालु आर्थिक वर्षमा रु ७५ लाख बजेट उपलब्ध गराएको छ । उक्त प्लान्ट निर्माणका लागि टेन्डर प्रक्रिया पूरा भई सम्झौता भइसकेको छ।

# मलामी बोकेको जीप दुर्घटना हुँदा १७ घाइते

**पोखरापत्र संवाददाता**
**पर्वत, २४ बैशाख**

कुश्मा नगरपालिका-१० पीपलटारीमा आज बिहान मलामी बोकेको जीप दुर्घटना हुँदा १७ घाइते भएका छन् । वडा नं १३ खौलालाँकुरीदेखि सदरमुकाम कुश्माबजारस्थित अस्पतालसम्म आउँदै गरेको ग२च ५२१३ नंको जीप कुश्मा-१० सिमखेतमा दुर्घटना हुँदा १७ जना घाइते भएका हुन् ।

घाइतेमध्ये १६ वर्षीय अमन परियार र ५७ वर्षीय माने परियारलाई गम्भीर चोट लागेको छ। घाइतेको अहिले जिल्ला अस्पतालमा उपचार भइरहेको छ। गम्भीर घाइते भएका बिरामीलाई थप उपचारका लागि पोखरा पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विश्वराज अधिकारीले बताउनुभयो।

घाइते हुनेमा एउटै गाउँका बलबहादुर परियार, डिलबहादुर परियार, रामचन्द्र परियार, शक्ति परियार, मिठु परियार, सुमित परियार, रविना परियार, अङ्कित परियार, उज्ज्वल परियार, बाबुराम परियार, डिले परियार, मीन परियार, अनिनाथ परियार, अमृशा परियार र पृथ्वी परियार रहेका छन् । सामान्य घाइते रहेका चालक अनिनाथ परियारलाई प्रहरीको निगरानीमा उपचार भइरहेको छ।

उनीहरू कुश्मा-१३ खौलालाँकुरीकै विष्णु परियारको अस्पतालमा मिर्गौला डायलासिस गराउने क्रममा मृत्यु भएपछि शव जिम्मा लिनका लागि अस्पताल आउने क्रममा दुर्घटना भएको हो । विष्णुको जिल्ला अस्पतालमा यही वैशाख २३ गते मृत्यु भएको हो । क्षमताभन्दा बढी यात्रु बोकेको जीप ओरालो सडकमा अनियन्त्रित हुँदा दुर्घटना भएको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ।